## ७४औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री तप बहादुर मगरले दिनुभएको मन्तव्य

**सम्माननीय प्रधानमन्त्रीज्यू तथा सम्पूर्ण अतिथिज्यूहरु,**

विश्वमा शान्ति प्रवर्द्धन र मानव अधिकारको मूल्य, मान्यतालाई अभ्यासमा उतार्न संयुक्त राष्ट्र संघद्वारा सन् १९४८ को डिसेम्बर १० का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको थियो । यो घोषणापत्र जारी भएको दिन डिसेम्बर १० लाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको रुपमा संसारभर विभिन्न कार्यक्रमहरु मार्फत उत्सवको रुपमा मनाइने गरिन्छ । आज उक्त घोषणापत्र जारी भएको ७४ वर्ष भएको अवसरमा सर्वप्रथम उपस्थित सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु। यो घोषणापत्रलाई मानव अधिकारको क्षेत्रमा आधारस्तम्भको रुपमा लिँदै यसैको आधारमा मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय  तथा राष्ट्रिय दस्तावेजहरु तर्जूमा हुँदै आएका छन्। यस वर्ष "सबैका लागि मर्यादा, स्वतन्त्रता, र न्याय" मूल नाराका साथ मनाउन लागिएको यस कार्यक्रममा आयोगको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथि सहित सम्पूर्ण अतिथिहरूमा राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु ।

आजको दिनलाई विगतको मानव अधिकार अवस्थाको समीक्षा, हासिल गरेको उपलब्धिको चर्चा तथा आगामि दिनमा मानव अधिकार क्षेत्रमा गरिनुपर्ने सुधारको कार्यदिशा तय गर्ने अवसरको रुपमा लिने गरिन्छ । गत वर्षको मानव अधिकार अवस्थालाई विश्लेषण गर्दा नेपालको मानव अधिकार अवस्थामा केही सकारात्मक सुधारहरु देखिएका छन् । नेपाली नागरिकहरूले राजनितिक अधिकारको प्रयोग गर्दै स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभाका निर्वाचनहरुमा सहभागी भई मतदानको अधिकार प्रयोग गरेका छन्। संघीय संसद, प्रदेश सभा र स्थानीय तहबाट समेत मानवअधिकारमैत्री कानूनहरु निर्माण गर्ने कार्य हुँदै आएका छन्। तीनै तहको सरकारले नीति तथा कार्यक्रम र वार्षिक बजेट मार्फत मानव अधिकारका विषयहरुलाई सम्बोधन गर्ने कार्यलाई निरन्तरता दिएका छन् । नेपाल सरकारको पाचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना सहितका नीति तथा योजनाहरु, दिगो विकास लक्ष्य र विश्वव्यापी आवधिक समीक्षा सहित संयुक्त राष्ट्रसंघीय मानव अधिकार संयन्त्रहरुबाट प्राप्त सुझाव र सिफारिसहरुको कार्यान्वयनकोलागि कार्ययोजना तर्जूमा गरी कार्यान्वयनको चरणमा रहेको छ। संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउने सरकारले प्रयास गरेको छ । आयोग लगायत अन्य सरोकारवालाहरुको लगातारको वकालतबाट सरकारले पछिल्लो समयमा आयोगको सिफारिसहरुको कार्यान्वयनलाई तदारुकताका साथ अगाडि वढाउन सिफारिस कार्यान्वयन समिति गठन गरेको छ ।

आयोगबाट मानव अधिकार रक्षकहरूको सातै प्रदेशमा प्रादेशिक सम्मेलन र संघीय तहमा राष्ट्रिय सम्मेलन सम्पन्न भएका छन् । सम्मेलनले मानव अधिकार रक्षकहरुको पहिचान, सुरक्षा, अभिलेखिकरण र क्षमता अभिबृद्धिका विषयलाई सम्बोधन गर्न सुझावहरु प्राप्त गरी कानूनको मस्यौदा तयार गरेको छ । मानव

अधिकार संरक्षण तथा सम्वर्द्धनको लागि राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरुसँग समन्वय र सहकार्यको रणनीतिक ढाँचा तयार गरी कार्यान्वयनमा ल्याइएको छ । यसै वर्ष  नेपाली आप्रबासी कामदारहरूको अधिकार संरक्षणार्थ नेपाल र मलेसियाको राष्ट्रिय मानव अधिकार आयोगहरुबिच समझदारी पत्रमा हस्ताक्षर भएको छ । **जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार** भन्ने दुरदृष्टि सहित आयोगले आफ्नो छैटौं रणनीतक योजना (सन २०२१-२०२६ सम्म) तय गरी कार्यान्वयन गर्दै आएको छ । रणनीतिक योजनाले आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारका साथै मानव अधिकारका नविनतम आयामहरुलाई प्राथमिकतामा राखेको छ ।

नेपालको संविधानको धारा २९४(१) बमोजिम आयोगले आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गरिसकेको छ । आयोगले ५०३ उजूरीमाथि अनुसन्धान सम्पन्न गरी ४१४ वटा उजूरीमा निर्णय गरको छ । जसमध्ये राहत, क्षतिपूर्ति र कारवाहीको लागि ९२ वटा  सिफारिस भएका छन् । पाँचजना व्यक्तिहरूलाई मानव अधिकार उल्लंघनमा दोषी ठहर गरिएको छ । त्यसैगरी नीतिगत सिफारिस ६ वटा रहेका छन् ।  सिफारिस कार्यान्वयनको अवस्था हाल १५.३ प्रतिशत पूर्ण, ३९.२ प्रतिशत आंशिक र कार्यान्वयन हुन नसकेको ४५.५ प्रतिशत रहेको छ । मानव अधिकारका विविध सवालहरुमा सचेतना अभिवृद्धि तर्फ १७१ वटा सम्बर्द्धनात्मक कार्यक्रमहरु सम्पन्न भएका छन् । मानव अधिकार संरक्षण र सम्बर्द्धनको सन्दर्भमा यस आवमा मानव अधिकारका समसामयिक विषयमा ३० वटा प्रेस विज्ञप्ति र प्रेस नोट जारी भएका छन् । संक्रमणकालीन न्यायलाई सम्बोधन गर्न सरकारबाट ल्याइएको विधेयकमा १२ बुँदे सुझाव दिईएको छ । यसैगरी आयोगले स्थानीय तह सदस्य निर्वाचन, र प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरेको छ ।

आयोगले विश्वव्यापी आवधिक समीक्षा र सन्धिजनित निकायहरुको सिफारिसहरुलाई समेत प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको  लागि कार्ययोजना तर्जूमा गर्न नेपाल सरकालाई सुझाव दिइएको छ । मानव अधिकार संरक्षण तथा सम्वर्द्धनको कार्यमा तीनै तहका सरकार, मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु, नागरिक समाज, मानव अधिकारकर्मी, पेशागत संघसंगठन, प्राज्ञिक तथा शैक्षिक संघसंस्थाहरु र संयुक्त राष्ट्रसंघीय निकायहरु सहितका दातृनिकायहरुसँग  निरन्तर समन्वय र सहकार्य गर्दै आएको छ ।

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिबासी जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिक, आर्थिक रुपले विपन्न खस आर्य, लोपोन्मूख समुदाय, शहीद परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, द्वन्द्व पीडित तथा विस्थापित समेतका हक अधिकारका सुनिश्चितताका लागि आयोगले कार्य गर्दै आएको छ । यद्यपी उल्लेखित समुदायहरुको हक अधिकारको वास्तविक सम्बोधनको लागि सरकारहरुबाट पर्याप्त प्रयासहरु हुन आवश्यक छ ।

विशेषतः लैङ्गिक हिंसा, जातीय विभेद तथा छुवाछुतका घटनाहरूमा पीडितको न्यायमा सहज पहुँच हुन सकेको अवस्था छैन । संक्रमणकालीन न्यायका संयन्त्रहरूलाई अधिकार सम्पन्न बनाउने कार्यमा सर्वोच्च अदालतको आदेश, यस आयोगको सिफारिस र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल कानूनी व्यवस्था हुन नसक्दा सशस्त्र द्वन्द्वकालीन पीडितहरुको न्यायको विषय अनिश्चित बन्दै गएको छ । निर्वाचनमा समानुपातिक

समावेशिताको विषय केवल कानूनी र प्राविधिक विषय मात्र बन्नु दुःखद् पक्ष हो । समावेशितालाई संविधानअनुसार अंगिकार गरी कार्यान्वयनमा ल्याउनु सरकार, राजनीतिक दलहरु र सबै सरोकारवालाहरुको दायित्व हो। फौजदारी कसूरका आरोपी तथा पुर्पक्षमा रहेका व्यक्ति र आयोगले मानव अधिकार उल्लङ्घनमा दोषी भनी कारवाहीको लागि सिफारिस गरेका व्यक्तिलाई समेत राजनीतिक दलहरूले उम्मेद्वार बनाउने अवस्थाले विधिको शासन र मानव अधिकारका मूल्य, मान्यता र संस्कृति निर्माणमा चुनौती थपेको छ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

नेपालको संविधानले परिकल्पना गरेबमोजिम समानुपातिक र समावेशी सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गरी मानव अधिकार उपभोगको वातावरण बनाउन, लक्षित तथा सिमान्तिकृत वर्गको मानव अधिकारको सुनिश्चितता गर्ने गराउने कार्यमा उपलब्धिहरु हासिल गर्न राज्यका सबै अङ्गहरुको मानव अधिकारप्रतिको बुझाईमा एकरुपता र प्रतिवद्धता सहितको सक्रियता र परिचालन आवश्यक रहेको छ।

संवैधानिक प्रावधान र सर्वोच्च अदालतको आदेशका बावजूद आयोगले दोषीलाई मुद्दा चलाउनु भनी गरिएका सिफारिस कार्यान्वयन गर्न प्रष्ट कानूनी व्यवस्था हुन नसक्नु चुनौतिको विषय बनेको छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ नेपालको संविधान अनुकूल हुनेगरी संशोधन हुन सकेको छैन। पेरिस सिद्धान्तको मर्म अनुरूप आयोगको आर्थिक स्वायत्तता सुनिश्चित हुन नसकेको अवस्था छ । यी चुनौतिहरूको बावजुद पनि आयोग आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न पूर्ण रूपमा प्रतिबद्ध छ। यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार संस्थाहरुको विश्वव्यापी संजाल (GANHRI) को SCA ले गरेको सिफारिस कार्यान्वयन गर्न समेत आयोग सरकारलाई आग्रह गर्दछ।

आयोगका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी ऐन जारी हुन नसक्नु र आयोगको साङ्गठनिक संरचना नेपाल सरकारबाट हालसम्म पनि स्वीकृत हुन नसक्दा  कर्मचारीहरुको बृत्ति विकास र सेवा सुविधा प्रभावित बन्ने जोखिम रहेको छ। वि.सं. २०७२ सालमा महाभूकम्पबाट क्षति भएको यस आयोगको केन्द्रीय कार्यालयको भवनको निर्माण प्रक्रिया अझै शुरू हुन सकेको छैन।

मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति राज्यका कुनै एक निकायको एकल पहल र प्रयासले मात्र संभव हुँदैन । यसमा नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग, अन्य संवैधानिक आयोगहरू, नागरिक समाजका साथै निजी तथा व्यवसायिक क्षेत्रहरूको संयुक्त प्रयास, समन्वय र सहकार्य अपरिहार्य छ । त्यसैले मानव अधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कार्यरत हामी सबै मानव अधिकारकर्मीहरूको भूमिका अहम र महत्वपूर्ण भएकोले आजको यस अवसरमा यहाँहरू सबैलाई मानव अधिकारको रक्षार्थ कार्य गर्न हातेमालो गरौं भन्ने आह्वान गर्न चाहन्छु।

दिगो विकास लक्ष्य सन् २०१५–२०३० को "कोही पछाडि नपरून्"**(Leave No One Behind)** भन्ने नारालाई सार्थकता प्रदान गर्दै पछाडि पारिएका तथा सीमान्तिकृत समुदायको अधिकार प्राप्तिमा सार्थक सामूहिक पहलको लागि आब्हान गर्दछु।

मानव अधिकारको संरक्षण र सम्बर्द्धनका साथै मानव अधिकार संस्कृतिको वातावरण निर्माणका लागि आ-आफ्नो स्थानबाट अहोरात्र खटिनु हुने सम्पूर्ण मानव अधिकार रक्षकहरू, स्वदेशी तथा विदेशी

व्यक्तित्वहरू/संघ संस्थाहरूलाई धन्यवाद दिन चाहन्छु । आगामि दिनमा पनि सबैबाट यस किसिमको सहयोग, समन्वय एवं सहकार्यको अपेक्षा गर्दछु । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ जारी भएको ७४औं वर्षको अवसरमा मानव अधिकारका नयाँ नयाँ आयामहरू समेतमा कार्य गर्ने अभिप्रेरणा मिलोस् भन्ने सबैलाई शुभकामना दिन चाहन्छु ।

यस वर्ष स्वर्गीय दयाराम स्मृति सम्मानबाट सम्मानीत हुनुभएका मानव अधिकार तथा जेष्ठ नागरिकको अधिकारको क्षेत्रमा योगदान पुर्‍याउनुभएका डा.गौरी शंकरलाल दास र मानव अधिकार तथा विशेष गरी अपाङ्गता भएका आदिबासी जनजाती, महिला अधिकारका क्षेत्रमा क्रियाशील रहनुभएको श्री प्रतिमा गुरुङलाई मानव अधिकार पुरस्कार प्राप्त गर्नुभएकोमा हार्दिक वधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आयोगको स्थापनाकालदेखि नै निरन्तर सहयोग तथा क्षमता सवलीकरणका लागि मद्दत पुर्‍याउदै आएका संयुक्तराष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) लाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसै गरी यूरोपियन यूनियन (EU), विभिन्न यू.एन. एजेन्सीहरु, विकास साझेदार निकायहरु, मानव अधिकार क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुलाई समेत धन्यवाद दिँदै भविष्यमा पनि निरन्तर सहयोगको अपेक्षा समेत गर्दछु ।

अन्त्यमा, आफ्नो कार्य व्यस्तताको बावजूद अमूल्य समय दिई आजको यस समारोहमा उपस्थित हुनुभएका सम्माननीय प्रधानमन्त्रीज्यू सहित विशिष्ट अतिथिज्यूहरू तथा आमन्त्रित सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

॥ धन्यवाद ॥

२४ मंसिर, २०७९, ललितपुर,